राप्ती सोनारी गाउँपालिका
RAPTI SONARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अगैया, बाँके
AGAIYA, BANKE
लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र सङ्ख्या/**Ref. No.:-** २०८३/०८४
सूचना नम्बर/**Notice No.:-**

# सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१६ गते

**विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०८१ र राप्ती सोनारी गाउँपालिकाको करारमा प्राविधिक जनशक्ति तथा अन्य कर्मचारी पदपूर्ति सम्बन्धी कार्यविधि, २०८२ (पहिलो संशोधन, २०८३)** बमोजिम राप्ती सोनारी गाउँपालिका, बाँकेमा खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट देहाय बमोजिमका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम राप्ती सोनारी गाउँपालिकाको वेबसाइट *www.raptisonarimun.gov.np* बाट डाउनलोड गर्न सकिनेछ ।

देहाय :

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग सङ्ख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०५-२०८३।०८४ | स्टाफ नर्स | ५ | ४ (चार) | **मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह** (PCL Nursing) **वा डिप्लोमा इन नर्सिङ उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता तथा नवीकरण भएको।** |
| २ | ०६-२०८३।०८४ | विद्यालय नर्स | ५ | १ (एक) | |

**१. उमेर:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**२. आवश्यक कागजातहरू:**

- तोकिएको ढाँचामा दरखास्त फाराम,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्र तथा लब्धाङ्कपत्रका प्रतिलिपि,
- पासपोर्ट साइजको हालसालै खिचिएको फोटो,
- अनुभवसम्बन्धी प्रमाणपत्र (भएमा) र
- समकक्षताको प्रमाणपत्रको प्रतिलिपि (आवश्यक पर्ने भएमा)।

**३. दरखास्त दिने स्थान:** राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँके।

**४. दरखास्त दस्तुर:** रु. ७००। (दस्तुर गाउँपालिकाले तोकेको माध्यमबाट बुझाउनुपर्नेछ।)

**५. दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०६।३० सम्म। (अन्तिम दिनमा बिदा भएमा सो को पछिल्लो कार्यालय खुल्ने दिन)

**७. छनोट प्रक्रिया:** लिखित परीक्षा र अन्तर्वार्ता।

**८. पारिश्रमिक तथा सेवा सुविधा:** प्रचलित कानून बमोजिम।

**९. परीक्षाको पाठ्यक्रम :** प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशद्वारा मिति २०८१।०९।२४ देखि लागु हुनेगरी प्रकाशित स्टाफ नर्स (जनरल नर्सिङ समूह) पदको पाठ्यक्रम बमोजिम।

**१०. अन्य शर्तहरू:** परीक्षा सम्बन्धी मिति, स्थान तथा अन्य विस्तृत जानकारी गाउँपालिकाको सूचना पाटी तथा आधिकारिक वेबसाइट र फेसबुक पेजको माध्यमबाट पछि प्रकाशन गरिनेछ। रीत नपुगेका वा म्याद नाघी प्राप्त भएका दरखास्तहरू स्वीकार गरिने छैन।

२०८३/०६/१६
प्रमुख प्रशासकीय अधिकृत